# मरिण गाउँपालिका प्रशासकीय कार्यविधि (नियमितगर्ने) ऐन, २०७५

**प्रस्तावनाः**

नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीयतहलाई तोकिएको अधिकार क्षेत्र भित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम मरिण गाउँपालिका क्षेत्रभित्र लागू हुने गरी गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ** : (१) यो ऐनको नाम प्रशासकीय कार्यविधि (नियमितगर्ने) ऐन, २०७५ रहेको छ ।

(२) यो ऐन मरिण गाउँपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा** : (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन"भन्नाले गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमितगर्ने) ऐन, २०७५ सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(ग) "गाउँपालिका"भन्नाले मरिण गाउँपालिका सम्झनु पर्छ ।

(घ) "सभा" भन्नाले संविधानको धारा २२३ बमोजिमको गाउँसभा सम्झनु पर्छ ।

(ङ) "संविधान"भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

३. **नियम बनाउने अधिकार** : संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्र भित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

४.**<u>निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्ने :</u>** संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागू गर्न सक्नेछ ।

**<u>५. खारेजी र बचाऊ :</u>** यो ऐन बन्नु अगाडि कार्यपालिकाबाट भएका प्रशासकीय प्रकृतिका निर्णय र आदेश यसै ऐन बमोजिम भएको मानिनेछ ।